# सिद्धिचरण नगरपालिका, ओखलढुंगा
## १ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड १, संख्या ७ मिति २०७५/४/१

**भाग २**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकारको प्रयोग गरी सिद्धिचरण नगरपालिका, ओखलढुंगाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत २०७५ सालको कार्यविधि नं. ७
## सिद्धिचरण नगरपालिकाको "सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५"

**कार्यपालिकाबाट पारित मिति २०७५/३/२४** **प्रमाणिकरण मिति २०७५/३/३०**

**प्रस्तावना** : तिब्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहोर व्यवस्थापन चुनौतीपुर्ण हुदै गएको छ । जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक एव साँस्कृतिक सम्पदाहरु समेत विनासको जोखिममा रहेका छन् । सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक, किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्यापारीक तथा औद्योगिक प्रतिष्ठानहरु तथा निजी घर परिषरहरुमा खुल्ला फोहोर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकरात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भिर असर खतरा बढ्दै गएको हुदा फोहोरमैलालाई स्रोतमा न्युनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी ब्यवस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहोरमैला व्यवस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता ब्यक्त गरेको दिगो विकासको लक्ष्य समेत भएको सन्दर्भमा सिद्धिचरण नगर कार्यपालिकाको २०७५/३/२४ को बैठकबाट फौहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यबिधि, २०७५ बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो निर्देशिकाको नाम "सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यबिधि, २०७५" रहेको छ ।

(२) यो निर्देशिका सिद्धिचरण नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कार्यविधी" भन्नाले सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यबिधि, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रदुषण" भन्नाले फौहोरमैलाबाट निस्कने ठोस , तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षती पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयो गी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी बस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(घ) "प्रशोधन स्थान" भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादनका लागी कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले सिद्धिचरण नगरपालिको वडा सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशाशकिय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारबाट नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यलय सम्झनु पर्दछ, र यो शब्दले नगरपालिकाको प्रशाशनिक संगठानात्मक स्वरुपको रुपमा स्थापना गरिएको वडा कार्यालय समेतलाई बुझाउदछ ।

(ज) "शाखा" भन्नाले नगरपालिकाको सरसफाई तथा फोहोरमैला ब्यबस्थापन वा सो सम्वन्धी काम गर्ने शाखालाई सम्झनु पर्दछ ।

(झ) "बिसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

३. **अनुमति लिई सरसफाई सम्बन्धि कार्य सञ्चालन गर्नुपर्ने** : नगरपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले फोहोरमैला ब्यबस्थापन तथा सरसफाई सम्बन्धि कार्यक्रम संचालन गर्नु अघि यस निर्देशिका बमोजिम स्वीकृती लिई नगरपालिकाले तोकिदिए बमोजिम गर्नु पर्नेछ ।

४. **सरसफाई तथा फोहोरमैला ब्यबस्थापन कार्यक्रमका उद्देश्यहरु** :

◊ सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहोरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।

◊ बिभिन्न प्रकारका फोहोरमैलाहरुलाई घर तथा सामुदायीक स्तरमै कम्पोष्ट मल बनाउने तथा पुनचक्रीय प्रयोगलाई प्रबर्द्धन गर्ने ।

◊ पर्यावरणीय संरक्षण तथा सरसफाई तथा फोहोरमैला व्यवस्थापनको

अनुसन्धान कार्यक्रमहरु नविनतम् तरीकाले सञ्चालन तथा प्रवर्द्धन गर्ने,

- ◊ विभिन्न नविनतम तरीकाको माध्यमबाट फोहोर व्यवस्थापनको लागी समुदायको क्षमता बृद्धि गर्ने,
- ◊ वृक्षारोपण, जैविक खेती , कोशे खेती जस्ता कार्यहरु संचालन र प्रबर्द्धन गर्ने,
- ◊ फोहोरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने,
- ◊ प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारीमुलक सामाग्रीहरुको माध्यामबाट प्रचार प्रसार गर्ने,
- ◊ हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने,
- ◊ जागरणका लागी शाखाको र साझेदार निकायको समन्वय र वडा कार्यालयको अगुवाईमा बिद्यालय ,स्वास्थ्य संस्था, सामाजीक संघ संस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने,
- ◊ घर कम्पाउण्डबाट फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा विस्तार गरी नगरपालिकाका सबै क्षेत्रमा विस्तार गर्ने,
- ◊ फोहोरमैला संकलनको प्रभावकारीता बृद्धि गरी आफ्ना कार्य क्षेत्रको सडक किनाराको सौन्दर्यता अभिबृद्धिका साथै हरित सडकको अबधारणा कार्यान्वयन गर्ने,
- ◊ सरसफाई र फोहोरमैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रबृत्तीमा परिवर्तन ल्याउने ,
- ◊ फोहोरमैला उत्पादनलाई श्रोतमै कमी गराउने, छुट्याईएको फोहोरलाई घरघरमै कम्पोष्ट मल बनाउन प्रोत्साहन गर्ने र सामुदायीक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानीय कृषकसंग पुऱ्याउन सहजीकरण गर्ने,

५. **सरसफाई तथा फोहोरमैला व्यवस्थापनको कार्यक्षेत्र** : सिद्धिचरण नगरपालिको सम्पुर्ण क्षेत्र

६. **साझेदार निकायसंग रहनुपर्ने संसाधनहरु** : फोहोरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण सरसफाई तथा वातावरणीय सुधारको क्षेत्रमा कार्यरत रही कम्तिमा ३ बर्षको अनुभव भएको संघ संस्थासंग सहकार्य गर्न प्राथमिकता दिइने छ । संस्थाको व्यवस्थापनसंग फोहोरमैला व्यवस्थापनको लागी कम्तिमा आफ्नै वा भाडामा लिएका निम्न संख्यामा संसाधन रहेको हुनुपर्नेछ ।

- ◊ मानव शक्ति : आवश्यक संख्यामा
- ◊ डोजरः १ थान
- ◊ हेभी ट्रिपर : १ थान
- ◊ घरदैलोमा संकलनमा प्रयोग हुने साना ट्रक : २ थान
- ◊ घरदैलोमा संकलनमा प्रयोग हुने मझौला ट्रिपर : १ थान

- ◊ ट्याकक्टर : १ थान
- ◊ आवश्यक संख्यामा औजार तथा उपकरणहरु

७. **फोहोरमैला व्यवस्थापनको लागी कार्यान्वयन विधि** : स्थानिय सरकार सञ्चालन सम्बन्धि ऐन २०७४, फोहोरमैला व्यवस्थापन ऐन २०६८, वातावरण संरक्षण ऐन, २०५३ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा सिद्धिचरण नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

१. फोहोरमैला संकलन , ढुवानी र व्यवस्थापन : घर, पसल, होटल, रेष्टुरेन्ट, बिद्यालय, कलकारखानाबाट निस्कने फोहोरलाई उत्पादन स्थलबाटै उठाई समुचित व्यवस्थापन गर्ने ।

२. सडक र सार्वजनिक स्थलहरुको सरसफाई : कार्यक्षेत्र भित्र पर्ने सडक, गल्ली ,खोला किनार, चउर, मन्दिर, पाटि, जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने र राख्न लगाउने ।

३. जनचेतना अभिबृद्धि र तालिम : गोष्ठी, अन्तरक्रिया, ¬याली , माईकिङ्ग जस्ता जनचेतना अभिबृद्धिका कार्यक्रमहरु र तालिमहरु संचालन गरी नगरवासी हरुलाई स्थानीय सरसफाई कार्यमा उत्प्रेरित र क्रियाशिल बनाउने

४. हरियाली बिकास : ल्याण्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र बरिपरि तथा सम्भाबित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख बिरुवाहरु र फलफुलहरु रोपी हरियाली बिकास गर्दै नगरको सौन्दर्यता बिकास गर्ने,

५. फोहोरमैला बर्गिकरण : जैविक र अजैविक फोहोरमैला अलग अलग राख्ने कार्यलाई  व्यवहारीक बनाई पुन चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने,

६ . सुईरो कार्यक्रम : कार्यक्षेत्रलाई प्लाष्टिकरहित बनाउनको लागी शहरी क्षेत्रका सबै घरमा सुईरो बितरण गर्ने र संकलित प्लाष्टिकको पुन प्रयोग अभियान सञ्चालन गर्ने,

७. कम्पोष्टिङ्ग तथा पुन प्रयोग : जैबिक फोहोरबाट समुदायस्तरमा स्तरीय कम्पोष्ट मल बनाउने तथा फोहोरको पुन प्रयोगको लागी ईच्छुक परिवारका सदस्यलाई ज्ञान सिप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने,

८ . सफा नगर सबैको रहर : अभियानको रुपमा सञ्चालन गर्ने ।

९. समुदायको परिचालन : नगरक्षेत्र भित्रको फोहोरमैला ब्यबस्थापन र सरसफाई लाई प्रचावकारी बनाउन सामाजिक संघसंस्था, स्थानिय क्लबहरु, निजि तथा गैर सरकारी क्षेत्र र अन्य सरोकारवाला सबैलाई परिचालन गरी सरसफाई र फोहोरमैला ब्यबस्थापन मा नमुना नगरको रुपमा स्थापित गर्न अभियान सञ्चालन गर्ने

१० . शून्य फोहोर : शून्य फोहोरको अवधारणा अनुरुप अगाडी बढ्ने

११. प्लाष्टिक मुक्त शहर : वातावरणमा नकरात्मक असर पार्ने तथा तोकिएको मापदण्ड पुरा नपुगेका प्लाष्टिक बिक्री बितरण र प्रयोग नगर्ने, नगराउने ।

१२. सार्वजनिक क्षेत्रको सरसफाई : आफ्नो टोल भित्रको सार्वजनिक क्षेत्रमा प्लाष्टिक, सड्ने तथा नसड्ने खालका फोहोर एवं नरहने अबस्था हुनु पर्दछ ।

१३. टोलको सरसफाई : टोल सुधार समिति र समुदायका सदस्यहरुले फोहोरमैला व्यवस्थापनका लागी तोकिएको संस्थासंगको समन्वयमा वडा कार्यालय समेतलाई सुचना गरी कम्तिमा महिनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामुहिक रुपमा सरसफाई अभियान संचालन गर्नेछन् । त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्य रुपमा वडा कार्यालय र फोहोरमैला व्यवस्थापनमा खटिएको संस्थाले राख्नेछ ।

१४. घर आगन र सो बाहिरको सडकको सरसफाई : प्रत्येक घरले आफ्नो घर आगन सफा राख्ने र राख्न लगाउनुपर्नेछ ।

१५ . घर बाहिर निष्कासन गरीने फोहोर : घरबाट निस्कने फोहोर सडक, पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहोर संकलन गर्न आउने सवारी साधनमा राख्ने , राख्न लगाउने

ट. **नगरपालिकाले गर्ने :**

◊ ल्याण्डफिलिङ्ग र कम्पोष्ट प्लान्टका लागी उपयुक्त स्थानमा जग्गा पहिचान गरी निर्धारण गर्ने,

◊ सार्वजनिक स्थलमा फोहोरमैला फ्याक्न नपाउने र फोहोर गरेमा हुने सजाय सहितको सुचना जारी गर्ने,

◊ हाल नगरपालिकाको सरसफाई कार्यमा परिचालित, साधनको प्रभावकारी उपयोग गर्ने,

◊ नगरपालिकामा रहेका ढुवानीका साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमतीबाट परिचालन गर्ने,

◊ तत्कालको व्यवस्थापनको लागी साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निर्क्यौल गरीए अनुसार प्रक्रिया अगाडी बढाउने । दीर्घकालिन समाधानका लागी अध्यायन गरी नगरपालिकाले आवश्यक प्रक्रिया अगाडी बढाउनेछ ।

◊ सम्पादित कामको अनुगमन तथा मुल्याङनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधारात्मक उपाय अपनाउने ।

◊ समय समयमा निर्देशन दिई सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई सहज बनाउन आवश्यक भुमिका वहन गर्ने,

◊ सुचनालाई अटेर गरी अनधिकृत रुपमा फोहोरमैला फ्याक्नेलाई

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम दण्ड र फोहोरमैला व्यवस्थापनमा सहयोग गर्ने ब्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने,

◊ घरदैलो पोहोरमैला संकलनको सेवा बापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यलयले आवश्यक सहजीकरण गर्नेछ ।

◊ नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापनको तत्कालिन व्यवस्थापन गर्न साझेदार निकायसंग कार्य गर्दा पर्याप्त साधन, जनशक्ति, फोहोर व्यवस्थापन र सरसफाईमा दक्षता भएको फर्म वा संघ संस्थासंग गरिनेछ ।

**९. समुदायको जिम्मेवारी :**

◊ कुनैपनि सार्वजनिक स्थानमा फोहोरमैला नफ्याक्ने र फ्याक्न नदिने,

◊ भान्छा भान्छा बाटै फोहोर बर्गिकरण गर्ने गराउने,

◊ घरको फोहोरलाई घरमै व्यवस्थित गर्न नगरपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने,

◊ फोहोरमैला सरसफाई तथा व्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सुचना दिने,

◊ समय समयमा वडा कार्यालयले दिएको सुचना बमोजिमका कार्य गर्ने,

◊ फोहोर संकलनमा आएका ढुवानी सवारी साधनमा फोहोरमैला उपलब्ध गराउने

◊ तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक रुपमा रकम भुक्तानी गर्ने

◊ सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धी सार्बजनिक कार्यक्रममा अनिवार्य सहभागि हुने र अरुलाई पनि सहभागी हुन आव्हान गर्ने

**१०. साझेदार निकायको दायित्वः**

◊ कार्यन्वयनकर्ताको रुपमा साझेदार निकायले फोहोर उत्सर्जनको अवस्था हेरी शहरी क्षेत्रमा कम्तिमा हप्ताको २ पटक र ग्रामीण क्षेत्रमा कम्तिमा हप्ताको १ पटक फोहोर संकलन सम्बन्धी कार्य गर्दछ ।

◊ फोहोर संकलन गरी प्रशोधन केन्द्र सम्म लैजादा फोहोर बोक्ने साधन ढाकिएको अस्थामा हुनुपर्नेछ ।

◊ वडा कार्यालयको अगुवाईमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नुपर्नेछ ।

◊ फोहोरलाई स्रोतमै बर्गिकरण गरी घर घरमा व्यवस्थापन हुने तौर तरिकाहरु समुदाय तथा घर घरमा सिकाउनु पर्नेछ ।

◊ सम्पादित कार्यको प्रभावकारीताको अनुगमन तथा मुल्याङ्कन गर्दा प्राप्त पृष्ठपोषणको आधारमा वडा कार्यालय र नगरपालिकाले समय समयमा दिएको निर्देशनको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

◊ प्रशोधन केन्द्रमा लामो समयसम्म फोहोर नराखि सम्बन्धित बिसर्जनस्थल सम्म शिघ्र पु¥याउनु पर्दछ ।

◊ सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा भएको दक्षताको पुर्ण प्रयोग गरी नगरपालिकालाई सरसफाई तथा फोहोरमैला व्यवस्थापन भएको अग्रणी नगर बनाउने अभियानमा सघाउनु पर्दछ ।

◊ सार्वजनिक स्थलमा देखिएको फोहोरलाई अबिलम्ब हटाई त्यस्तो स्थानमा फोहोर गर्ने व्यक्ति वा संस्थालाई आवश्यक कारवाहिका लागी नगरपालिकामा यकिन प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

◊ सार्वजनिक क्षेत्रका स्थलहरु सधै सफा र फोहोर रहित हुनुपर्ने छ ।

◊ सिछिचरण नगरपालिकाबासीहरु फोहोर व्यवस्थापनको लागी जिम्मेवार छन् भन्ने सन्देश प्रवाह हुने गरी कार्य संचालन गर्नुपर्नेछ ।

◊ बोटबिरुवा लगाई घर तथा सडक हरियाली युक्त बनाउन नगरपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नुपर्नेछ ।

११. **सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धी शुल्क** : सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा फोहोर गर्नेले तिर्नु पर्दछ (polluters pay principle) । सरसफाई तथा फोहोरमैला ब्यबस्थापन आम नागरिक, नगरवासी, सवै संघ संस्था, उद्योग व्यवसाय, सरकारी गैरसरकारी एबं निजि क्षेत्र सबैको सामुहिक प्रयासबाट सम्पन्न हुने बिषय भएकोले सबै पक्षबाट सहयोग पु¥याउनु पर्दछ । फोहोरमैला व्यवस्थापनको सबैभन्दा प्रभावकारी उपायनै स्थानीय जनताको प्रत्यक्ष संलग्नता हो । समुदायको संलग्नता बिभिन्न किसिमले हुन सक्दछ जसमध्ये सहभागीता भनेको सेवा उपभोग गरेवापत मासिक रुपमा शुल्क तिर्ने परिपाटि पनि एक हो । सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा सेवाग्राहीहरुले तपशिलमा उल्लेख गरीए बमोजिम सेवा शुल्क तिर्नु पर्नेछ ।

**मासिक शुल्क बिवरण**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | एक परिवार बस्ने घर साढे दुई तल्ला सम्म | २५० |
| २. | साढे दुई तल्ला भन्दा माथि प्रति तल्ला थप | ५० |
| ३. | कस्मेटिक, पत्रिका, लत्ताकपडा, पसल आदि व्यवसाय | १०० |
| ४. | किराना खाद्यान्न, फेन्सि पसल आदि व्यवसाय | १५० |
| ५. | चिया,कफि,केक,तथा वेकरी र साईबर, तरकारी पसल आदि | २०० |
| ६. | फलफुल तथा जुस पसल व्यवसाय | २०० |

| | | |
|---|---|---|
| ७. | सैलुन, ब्युटि पार्लर , औषधि पसल | २०० |
| ८. | औषधि पसल ल्याब सहित | ३०० |
| ९. | मासु पसल ब्यबसाय बधशााला नभएको | ३०० |
| १०. | मासु पसल ब्यबसाय बधशााला सहित सानो | १००० देखि<br>१५०० सम्म |
| ११. | मासु पसल व्यवसाय बधशााला सहित ट्रक वा ट्रयाक्टरबाट प्रति टिप सानो | ३००० |
| १२ | निजी स्कुलहरुको हकमा<br>१. नर्सरी देखि कक्षा ५ सम्म होस्टल नभएको<br>२. नर्सरी देखि कक्षा ५ सम्म होस्टल भएको<br>३. नर्सरी देखि कक्षा ८ सम्म होस्टल नभएको<br>४. नर्सरी देखि कक्षा ८ सम्म होस्टल भएको<br>५. नर्सरी देखि कक्षा १० सम्म होस्टल नभएको<br>६. नर्सरी देखि कक्षा १० सम्म होस्टल भएको<br>७. माध्यामिक १० जोड २ सम्म होस्टल नभएको<br>८. माध्यामिक १० जोड २ सम्म होस्टल भएको | <br>५००<br>१०००<br>५००<br>१०००<br>५००<br>१०००<br>१०००<br>१५०० |
| १३. | बैक, सरकारी स्कुल, क्याम्पस र कार्यालयहरु र विदेशी बसोबास गर्ने घरहरुमा | ५०० देखि<br>१००० सम्म |
| १४. | सिनेमा हलहरु | १५०० देखि<br>५००० सम्म |
| १५. | उद्योग ,कल कारखानाहरु, कार्पेट, गार्मेन्ट | १००० देखि<br>१०००० |
| १६. | डिपार्टमेन्ट स्टोर | ३००० |
| १७. | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति रिक्सा | १५० |
| १८. | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति निशान ट्रक | ७५०० |
| १९. | सुपर स्टोर ( आकार हेरी ) | १००० देखि<br>३००० सम्म |
| २० | अस्पताल /नर्सिङ्होम - चिकित्साजन्य हानिकारक फोहोर बाहेक | १००० देखि<br>२००० |

**नोट :**

- ◊ माथि उल्लेख भएका भन्दा अन्यको हकमा फोहोर उत्सर्जन मात्राको आधारमा साझेदार निकाय र सेवाग्राही बिचको आपसी सहमतिमा निर्धारण गरिनेछ ।
- ◊ घना बस्ती र मुख्य सडकका क्षेत्रमा साझेदार निकाय र ग्राहकबिच फोहोर उत्सर्जनको अवस्था हेरी आपसी सहमतीबाट रेट निर्धारण हुनेछ ।
- ◊ अस्पतालजन्य,हानिकारक फोहोरमैला अस्पताल आफैले व्यवस्थापन गर्नुपर्नेछ । तर नर्मलीकरण गरेको फोहोरमैला भएमा उत्सर्जनको मात्रा अनुसार आपसी सहमतीबाट रेट निर्धारण हुनेछ ।
- ◊ मुल्यबृद्धि संगै शुल्क समायोजन गर्दै जानुपर्ने हुदा प्रत्येक २ बर्षमा न्यूनतम् २०% ले शुल्क बृद्धि हुन सक्नेछ ।
- ◊ घरको फोहोरलाई घरमै व्यवस्थापन गर्ने र व्यवस्थापन नहुने फोहोरमात्र प्रशोधन केन्द्रमा पठाउने सेवाग्राहीको लाग्ने शुल्कमा ३३% सम्म छुट हुन सक्नेछ ।
- ◊ ग्रामीण क्षेत्रमा फोहोर संकलन कार्य वडा कार्यालयको समन्वयमा साझेदार निकायले गर्नेछ । त्यस्तो क्षेत्रमा फोहोर ब्यबस्थापन गर्ने बिधि साझेदार निकाय र नगरपालिकाको समन्वयमा सिकाईने र सो अनुरुप गरी घरमै व्यवस्थापन गर्ने क्षेत्रमा शुल्क नलाग्ने व्यवस्था नगरपालिकाले निर्धारण गर्नेछ ।

**१२. सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धि कसुर गरेको मानिने**

क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने,

ख) कण्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएका फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

ग) फोहोरमैला संकलन केन्द्रमा राखिएका कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानि पुऱ्याउने,

घ) अनुमती नलिई फोहोरमैला व्यवस्थापनका कार्य गर्ने,

ङ) फोहोरमैला व्यवस्थापनको लागी प्रदान गरीएका अनुमतीपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

च) फोहोरमैला संकलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाऊँमा कुनैपनि किसिमका हानिकारक पदार्थ फाल्ने ,राख्ने वा थुपार्ने,

छ) फोहोरबाट निस्केका दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य ब्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

ज) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला संकलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्ता ठाँऊमा कुनै पनि किसिमका सवारी साधन बिसाउन वा बिसाई राखेका सवारी साधन हटाउन ईन्कार गर्ने,

झ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनैपनि किसिमका हानिकारक फोहोरमैला राख्ने ,फाल्ने , थुपार्ने वा निष्कासन गर्ने,

ञ) रासायनिक फोहोरमैला ,औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावि फाल्ने, थुपार्ने वा निष्काषन गर्ने,

ट) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निष्कने हानिकारक फोहोरमैला जथाभावि फाल्ने, थुपार्ने वा निष्काषन गर्ने वा गराउने,

ठ) फोहोरमैला संकलन,ढुवानी तथा फोहोरमैला व्यवस्थापन सम्वन्धि कार्यमा वाधा अवरोध सिर्जना गर्ने,

ड) फोहोरमैला संकलन,ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला ब्यबस्थापन सम्वन्धि कार्यमा हड्ताल गर्ने

ण) फोहोरमैला अत्याधिक उत्पादन हुने वस्ती भनी नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी प्रतिबन्ध लगाएका कुनै बस्तुको उत्पादन तथा बिक्रि-बितरण गर्ने,

त) प्रचलित कानून विपरित रासायनिक बिषादिको आयात गर्न वा म्याद नाघेका औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

थ) स्रोतमै फोहोरमैलाका पृथकीकरण नगरी फोहोरमैला मिसायर निष्काशन गर्ने,

द) मरेका वा मारेका पशुपक्षी र सो को लादी ,प्वाख, हड्डी तथा माछाका कत्ला आदि सार्वजनिक स्थल ,सडक ,गल्ली, चोकमा राख्ने ,फाल्ने, थुपार्ने,

**१३. बुदा नं. १२ को कसुरमा हुने सजाय सम्बन्धि व्यवस्था :**

◊ खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए ५ हजार रुपैयासम्म जरिवाना ,दोस्रो पटक सोही कसुर गरेमा ५ हजार रुपैया देखि १० हजार रुपैया सम्म जरिवाना र सोहि कसुर तेस्रो पटक वा सो भन्दा बढि पटक गरेमा प्रत्येक पटकका लागी १५ हजार रुपैयाका दरले जरिवाना गरी फोहोरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

◊ खण्ड (ख) र (झ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ५ सय रुपैया देखि ५ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

◊ खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले १५ हजार रुपैया देखि ५० हजार रुपैया सम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र ब्यबस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

◊ खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले १५ हजार रुपैया देखि ५० हजार रुपैया सम्म जरिवाना गरी अनुमती नलिएसम्म त्यस्ता कार्य गर्न

रोक लगाउन सक्नेछ ।

◊ खण्ड (च) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ५ हजार रुपैया देखि १५ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षती भईसकेका भए त्यस्ता क्षती बापतका रकम समेत कसुरदारबाट असुल उपर गर्न सक्नेछ ।

◊ खण्ड (छ) (ज) (द) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ५ हजार रुपैया देखि १५ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

◊ खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ३० हजार रुपैया देखि ५० हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

◊ खण्ड (ट) (ठ) (त) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ५० हजार रुपैया देखि १ लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ र सोहि कसुर पुनः गरेमा पहिला पटक गरेका जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमती रद्द गर्नका लागी सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

◊ खण्ड (ड) र (ढ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले १० हजार रुपैया देखि ५० हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

◊ खण्ड (ण) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले ५ हजार रुपैया देखि १० हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

◊ खण्ड (थ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक ५ सय रुपैया जरिवाना गर्न सक्नेछ ।

१४. **सेवा सुबिधा रोक्का गर्न सक्ने**: तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने ब्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुबिधाका अतिरिक्त बिद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजका नाममा घर जग्गा बिक्री रोक्का गर्नका लागी नगरपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ । तर यसरी लेखि पठाउनु अघि सम्बन्धित ब्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

उक्त ब्यहोरा लेखि आएमा त्यस्ता सेवा सुबिधा रोक्न सम्वन्धित निकायको कर्तब्य हुनेछ ।

**आज्ञाले**

**भोजराज खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**